उपस्थित हुन आदेश दियो। सुरुमा हस जान मानेनन्, तर सम्राटले उनको सुरक्षाको प्रत्याभूति दिएपछि अन्ततः उनी जान सहमत भए। परिषदमा उनलाई दोषी ठहर गरियो र सम्राटको सुरक्षाको प्रत्याभूति हुँदाहुँदै पनि जीवितै जलाइयो। मण्डलीले विधर्मीहरूसँग विश्वासको व्यवहार गर्नुपर्दैन भन्ने दाबी गऱ्यो।

जेरोम साभोनारोला (Jerome Savonarola) सुधार आन्दोलनका एक जोशीला प्रचारक थिए। उनले सरकार, समाज र मण्डलीमा फैलिएको भ्रष्टाचारमाथि कडा प्रहार गरे। एक अवसरमा त उनले पोप ख्रीष्टियन नै होइनन् भनेर समेत लेखे। परिणामस्वरूप, उनलाई बहिष्कार गरियो, कारागारमा हालियो, झुन्ड्याएर मृत्युदण्ड दिइयो, र अन्ततः मण्डलीको आदेशमा जलाइयो। यसरी मण्डलीलाई परमेश्वरका मापदण्डअनुसार सुधार गर्ने यी प्रयासहरूलाई शैतानले दबाइदियो।

साभार: What On Earth Is God Doing by Renald Showers

(क्रमशः आगामी अंकमा)

अल्छे व्यक्ति

काममा सुस्त, प्रेरणाहीन, र अल्छी स्वभावको व्यक्तिलाई अल्छे भनिन्छ। निम्न बाइबल पदहरू हितोपदेशको पुस्तकमा पल्टाएर हेर्नुहोस्:

1. अल्छे बुद्धिहीन हुन्छ (६:६)
2. अल्छे खाटबाट उठ्न चाहँदैन (६:६)
3. अल्छे परिश्रम गर्न प्रतिबद्ध हुँदैन (१३:४)
4. अल्छे भविष्यको लागि तयारी गर्दैन (२०:४)

मुहर नलगाइएको पुस्तक

धेरै ख्रीष्टियनहरूका लागि प्रकाशको पुस्तक परमेश्वरले चाहनुभएको जस्तो नभई मुहर लगाइएको पुस्तक जस्तै बनेको देखिनु साँच्चै दुःखद कुरा हो। दानिएलको पुस्तक अन्तको समयसम्म मुहर लगाएर राख्नुपर्ने थियो (दानिएल १२:६), तर प्रकाशको पुस्तकको विषयमा यस्तो लेखिएको छः "यस पुस्तकका भविष्यवाणीका वचनहरूमा छाप नलगाऊ, किनकि समय नजिकै छ" (प्रकाश २२:१०)। यसबाट स्पष्ट हुन्छ कि पवित्रशास्त्रको यो अंश हाम्रो शिक्षा, चेतावनी र आत्मिक उन्नतिको निम्ति दिइएको हो। तैपनि, प्रभुका हजारौँ जनहरूले यसलाई बेवास्ता गरेर यसबाट प्राप्त हुन सक्ने आशिषबाट आफूलाई वञ्चित गरिरहेका छन्।

अझ उल्लेखनीय कुरा त के हो भने, सम्पूर्ण बाइबलमा प्रकाशको पुस्तक नै यस्तो एकमात्र पुस्तक हो, जसको आरम्भ र अन्त दुवैमा यसमा लेखिएका कुराहरू पढ्ने र पालन गर्नेहरू धन्य हुन् भनेर घोषणा गरिएको छ (प्रकाश १:३; २२:७)। निश्चय नै, परमेश्वरले मानिसहरूले बुझ्नै नसक्ने कुरा पालन गर्नेहरूलाई आशिष दिने प्रतिज्ञा गरेर उनीहरूको उपहास गर्नुभएको होइन। यस्तो निष्कर्षमा पुग्ने काम अविश्वासले मात्र गर्छ। तर विश्वासले पवित्र धर्मशास्त्रको हरेक अंशलाई उत्सुकतापूर्वक ग्रहण गर्छ र अन्ततः यो सत्य अनुभव गर्छ कि, "बुझ्ने मानिसका निम्ति ती सब सरल छन्।"

- ह्यारी आइरनसाइड

समस्या र झगडा

के तपाईंको जीवनमा बारम्बार समस्या र झगडा भइरहेका छन्? एउटा कुरा सधैं सम्झनुहोस्—झगडा हुन दुई जना चाहिन्छ।

इतिहासमा उल्लेख भएअनुसार, एकपटक ठूलो संख्यामा सैनिकहरू एउटा मोराभियन गाउँमाथि आक्रमण गर्न अघि बढे। तिनीहरूले युद्धको सम्पूर्ण तयारी गरे र लडाइँका लागि पङ्क्तिबद्ध भए। तर उनीहरूको आश्चर्यको सीमा रहेन, किनकि गाउँलेहरूले प्रतिरोध गर्ने कुनै तयारी गरेका थिएनन्। कतै यो आफूहरूलाई पासोमा पार्ने चाल त होइन भन्ने शङ्काले सैनिकहरूको एउटा समूह सावधानीपूर्वक गाउँभित्र प्रवेश गऱ्यो। तर उनीहरूले देखे—गाउँका ढोकाहरू खुला थिए, मानिसहरू आफ्ना दैनिक कामकाजमा सामान्य रूपमा व्यस्त थिए, र कसैले पनि हतियार उठाएको थिएन। उनीहरूले अन्ततः बुझ्न सके, ती मानिसहरू लड्न चाहँदैनथे। ती इमानदार र शान्तिप्रिय मोराभियनहरूको यस्तो स्वभावले सैनिकहरूलाई यति गहिरो प्रभाव पाऱ्यो कि उनीहरूले आफ्नो आक्रमणको योजना नै त्यागिदिए।

परमेश्वरको वचनले रोमी १२:१७ मा भन्छ, "खराबीको बदलामा कसैलाई खराबी नगर।" अनि पद १८ मा यसरी आग्रह गरिएको छ, "सम्भव भए तिमीहरूबाट जहाँसम्म हुन सक्छ, सबै मानिसहरूसँग मेल-मिलापमा बस।"

हामी अरू मानिसहरूलाई विवाद उठाउनबाट रोक्न सधैं सक्दैनौँ। तर उनीहरूसँग विवादमा नपर्ने निर्णय भने हामी आफैँ गर्न सक्छौँ। झगडामा नलाग्नुहोस्। तपाईंले प्रतिवाद गर्नुभएन भने, उनीहरूको झगडा एकतर्फी हुनेछ, र अन्ततः उनीहरू आफैँ हास्यास्पद देखिनेछन्। आखिर, एक्लैले धेरै बेर झगडा गर्न सकिँदैन।

- Fellowship

प्रकाशक: नारायणगढ चर्च, लायन्स चोक, नारायणगढ, भरतपुर - २ ✦ 9855071310

प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक २०

"तर डराउनेहरू, विश्वास नगर्नेहरू, घिनलाग्दाहरू, हत्याराहरू, व्यभिचारीहरू, टुनामुना गर्नेहरू, मूर्तिपूजा गर्नेहरू र सबै झूट बोल्नेहरूको भागचाहिँ आगो र गन्धकले जलिरहेको झिलभित्र हुनेछ; यो दोस्रो मृत्यु हो।" - प्रकाश २१:८

दुःखको अग्निमा आफूलाई ग्रहण गर्नु

परमेश्वरका सन्तको रूपमा दुःख र कठिनाइप्रति मेरो दृष्टिकोण तिनीहरू हटाइयोस् भन्ने हुनुहुँदैन। बरु, जति नै दुःखका अग्निहरूबाट म गुज्रिए पनि, परमेश्वरले मलाई उहाँले बनाउनुभएको व्यक्ति नै रहिरहन अनुग्रह गरून् भन्ने मेरो प्रार्थना हुनुपर्छ। आफूलाई वास्तवमा चिन्ने र ग्रहण गर्ने ठाउँ दुःखको अग्नि नै हो। यदि तिमीले दुःखको अग्निमा आफूलाई ग्रहण गर्न सिक्यौ भने, परमेश्वरले तिमीलाई अरूहरूको आत्मिक पोषणको साधन बनाउनुहुनेछ। - ओ. चेम्बर्स

"म के भनूँ? 'पिता, मलाई यस घडीबाट बचाउनुहोस्' भनूँ? तर यही कारणका निम्ति म यस घडीसम्म आइपुगें। हे पिता, तपाईंको नाउँको महिमा गर्नुहोस्।" (यूहन्ना १२:२७-२८)



ख्रीष्ट हाम्रो पवित्रता

"तर उहाँद्वारा नै तिमीहरू ख्रीष्ट येशूमा छौ, जो परमेश्वरपट्टिबाट हाम्रा निम्ति बुद्धि, धार्मिकता, पवित्रता र छुटकारा ठहरिनुभएको छ।" (*१ कोरिन्थी* १:३०)

आफ्नै पवित्रतामा सन्तुष्टि वा विश्राम खोज्दै आएको दुःखी व्यक्तिले वर्षौंसम्मको निष्फल सङ्घर्षपछि अन्ततः आफूले खोजिरहेको कुरा त ख्रीष्टमा उसको निम्ति सुरक्षित राखिएको रहेछ भन्ने कुरा थाहा पाउँदा कस्तो मीठो राहत अनुभव गर्छ! अर्थात्, विश्वासद्वारा उपभोग गर्न सकिने पूर्ण पवित्रीकरण—अहिल्यै, यही क्षणदेखि, उसको आफ्नै सम्पत्ति हो।

यस्तो व्यक्ति आफ्ना खराब बानीहरू, अभिलाषाहरू, रिस, वासनाहरू र स्वभावसँग निरन्तर सङ्घर्ष गरिरहेको हुन सक्छ। उसले आफ्नो शरीरका पापमय इच्छाहरूलाई वशमा पार्न र भित्री पवित्रतामा बढ्न अत्यन्त कठिन प्रयासहरू गरेको हुन्छ; तर हाय! ऊ असफल भएको हुन्छ। गहिरो दुःखका साथ उसले महसुस गर्छ कि ऊ आफैँ पवित्र छैन, अनि उसले पढ्छ, "पवित्रताबिना कसैले पनि परमेश्वरलाई देख्नेछैन" (हिब्रू १२)। ध्यान दिनुहोस्, यहाँ कुनै निश्चित मात्रा वा स्तरको पवित्रता भनिएको छैन, तर पवित्रता नै नभई कसैले पनि प्रभुलाई देख्नेछैन भनिएको छ। यही पवित्रता प्रत्येक ख्रीष्टियनले विश्वास गरेको क्षणदेखि नै पाएको हुन्छ, चाहे उसलाई यसको ज्ञान होस् वा नहोस्।

पूर्ण पवित्रता "मुक्ति" भन्ने शब्दमा त्यत्तिकै पूर्ण रूपमा समावेश छ, जत्तिकै "धार्मिकता" वा "छुटकारा" समावेश छ। उसले आफ्नै प्रयासद्वारा ख्रीष्टलाई प्राप्त गरेको होइन, तर विश्वासद्वारा प्राप्त गरेको हो। अनि जब उसले ख्रीष्टलाई ग्रहण गऱ्यो, तब ख्रीष्टमा भएका सबै कुरा पनि उसले प्राप्त गऱ्यो।

त्यसैले, दाखको बोटमा हाँगा रहेझैं ख्रीष्टमा रहँदा उसले आफ्ना अभिलाषाहरू, वासनाहरू, रिस, खराब बानीहरू, परिस्थिति र बाह्य प्रभावहरूमाथि विजय प्राप्त गर्ने शक्ति पाउँछ। उसले हरेक कुराको निम्ति येशूतर्फ नै हेर्नुपर्छ। - चार्ल्स एच म्याकिन्टोश

ख्रीष्टले प्रदान गर्नुहुने मुक्ति: यो एउटा वास्तविकता हो। यसले मानिसको जीवन, सोच, हात र खुट्टालाई प्रभावित गर्छ। यसले तन र मन दुवैमा क्रान्ति ल्याउँछ। यसले सबै कुरा सुरुदेखि अन्त्यसम्म परिवर्तन गरिदिन्छ। यसले तपाईंको वर्तमानलाई निर्धारण गर्छ, तपाईंको विगतलाई शुद्ध पार्छ, र तपाईंको भविष्यलाई सुनिश्चित गर्छ। यसलाई केवल अनुभवद्वारा मात्र जान्न सकिन्छ। -A. Adams

© 2026 WORDOFTRUTH.COM.NP

परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

अध्याय ५ [४ मध्ये भाग २]

मण्डली जति-जति मूर्तिपूजक प्रभावमा डुब्दै गयो, आफ्ना सत्यत्यागी शिक्षाहरूलाई समर्थन गर्न उसले पवित्रशास्त्रबाहिरका आधारहरू खोज्न थाल्यो। यसरी क्रमशः विश्वास र आचरणका लागि बाइबल नै अन्तिम र पर्याप्त अधिकार हो भन्ने सिद्धान्त परित्याग गरियो। बाइबलसँगै मण्डलीय परम्परालाई पनि समान अधिकार प्रदान गरियो, र समय बित्दै जाँदा मण्डली स्वयंलाई नै अन्तिम अधिकारको स्रोत घोषित गरियो। अन्ततः साधारण विश्वासीहरूलाई पवित्रशास्त्र अध्ययन गर्न निरुत्साहित गरियो, र बाइबललाई जनसाधारणका भाषाहरूमा अनुवाद गर्ने प्रयासहरूको समेत कडा विरोध गरियो।

भविष्यमा स्थापना हुने परमेश्वरको राजनीतिक तथा ईश्वरशासित राज्य सम्बन्धी शिक्षाप्रति शैतान विशेष रूपमा विरोधी थियो। त्यसैले मण्डलीको विश्वासबाट यस सत्यतालाई मेटाउन उसले हरसम्भव प्रयास गऱ्यो। पूर्वी मण्डली (Eastern Church) मा दोस्रो शताब्दीको मध्यसम्म भावी राज्यको आशा ख्रीष्टियन विश्वासको अभिन्न अङ्ग मानिन्थ्यो। वास्तवमा, त्यस समयसम्म यो आशा ख्रीष्टियन विश्वाससँग "अविच्छेद्य रूपमा गाँसिएको" थियो। तर दोस्रो शताब्दीको अन्त्यतिर मिश्रको अलेक्जान्द्रियामा रहेका मण्डली-अगुवाहरूले यस शिक्षाको विरोध गर्न थाले। मूर्तिपूजक दर्शनबाट प्रभावित भएकाले उनीहरूले भौतिक वस्तुहरू स्वभावतः खराब हुन्छन् भन्ने धारणा स्वीकार गरेका थिए। त्यसैले पृथ्वीमा स्थापना हुने, भौतिक आशिषहरूले भरिपूर्ण भावी राज्यको शिक्षालाई उनीहरूले अत्यन्त सांसारिक र शारीरिक इच्छा-आधारित ठहर गर्दै अस्वीकार गरे। ओरिजेनको रूपकात्मक व्याख्या-पद्धतिले यस दृष्टिकोणलाई अझ बल पुऱ्यायो।

पश्चिमी मण्डली (Western Church) मा भने चौथो शताब्दीसम्म पनि भावी ईश्वरशासित राज्यमा विश्वासलाई सही शिक्षाको एक महत्त्वपूर्ण अंश मानिन्थ्यो। तर जब मण्डली राज्यसँग एकीकृत हुन थाल्यो र सत्यत्यागतर्फ झुक्दै गयो, तब पश्चिममा पनि यो विश्वास क्रमशः हराउँदै गयो। यस परिवर्तनमा पश्चिमका सबैभन्दा प्रभावशाली प्राचीन मण्डली-अगुवा अगस्टिन (Augustine) (ईसं ३५४–४३०) का लेखनहरूले निर्णायक भूमिका खेले। उनका शिक्षाहरूका कारण संस्थागत मण्डलीका अधिकांश भागले भावी राज्यसम्बन्धी विश्वास त्यागन पुग्यो। आफ्नो प्रसिद्ध ग्रन्थ परमेश्वरको नगर (*City of God*) मा अगस्टिनले परमेश्वरले प्रतिज्ञा गर्नुभएको राज्य वर्तमान युगमै पृथ्वीमा विद्यमान रहेको शिक्षा दिए। उनका अनुसार संगठित मण्डली नै त्यो राज्य हो; शैतान अहिले नै बाँधिएको छ; अन्ततः मण्डलीले संसारमाथि विजय प्राप्त गर्नेछ; र ख्रीष्टको दोस्रो आगमनसँगै संसारको इतिहास तथा राज्ययुगको अन्त हुनेछ।

अगस्टिनले भावी ईश्वरशासित राज्यको शिक्षालाई अलेक्जान्द्रियाका अगुवाहरूले अस्वीकार गरेका धेरैजसो कारणहरूकै आधारमा अस्वीकार गरे। साथै, ख्रीष्टियन धर्म रोमी साम्राज्यको आधिकारिक धर्म बनिसकेको अवस्थामा मण्डलीले संसारमाथि विजय प्राप्त गरिरहेको जस्तो पनि देखिन्थ्यो। आफ्नो मतलाई कायम राख्न अगस्टिनले राज्यसम्बन्धी पुरानो करारका भविष्यवाणीहरूको व्याख्या गर्न ओरिजेनको रूपकात्मक व्याख्या-पद्धति अपनाए। अगस्टिनको यस दृष्टिकोणले रोमको मण्डलीमा आफूलाई "सम्पूर्ण संसारलाई आफ्नो अधीनमा ल्याउन नियुक्त गरिएको विश्वव्यापी मण्डली" ठान्ने मानसिकताको विकास गरायो।

मूर्तिपूजक प्रभावको प्रवेश, सुसमाचारको विकृति, पवित्रशास्त्रको दुरुपयोग र उपेक्षा, तथा भावी ईश्वरशासित राज्यसम्बन्धी शिक्षाको परित्यागका कारण मध्ययुगीन संस्थागत मण्डली परमेश्वरले मण्डलीका लागि अभिप्राय गर्नुभएको स्वरूपबाट धेरै टाढा पुग्यो। सत्यत्यागले ग्रस्त यही अवस्थाका कारण मण्डलीले आफ्ना मतसँग नमिल्ने अन्य ख्रीष्टियनहरूविरुद्ध सैनिक धर्मयुद्धहरू सञ्चालन गऱ्यो, मुसलमानहरूविरुद्ध क्रुसेडहरू (Crusades) चलायो, र आफ्ना शिक्षाहरू अस्वीकार गर्ने यहूदीहरू तथा अन्य व्यक्तिहरूमाथि इन्क्विजिसन (Inquisition) जस्ता कठोर दमनकारी अभियानहरू लागू गऱ्यो। यसरी मध्ययुगीन मण्डली परमेश्वरको महिमा प्रकट गर्ने र उहाँको राज्यको सत्यलाई संसारमा देखाउने साधन बन्नुको सट्टा, शैतानको हातमा परमेश्वर र उहाँको राज्यको बदनामी गराउने उपकरण बन्न पुग्यो।

इस्लामको चुनौती

चौथो शताब्दीपछि मण्डली सत्यत्यागमा फसे तापनि, यसले अझै पनि ईश्वरीय सत्यका केही तत्त्वहरू, जस्तै ख्रीष्टको ईश्वरत्व, कायम राखेको थियो। यसले पवित्रशास्त्रका प्रतिहरू पनि अत्यन्त सावधानीपूर्वक सुरक्षित राखेको थियो, यद्यपि तिनको व्याख्या र अध्ययनमा यसले दुरुपयोग गरेको थियो। जबसम्म कुनै पनि ख्रीष्टियन सत्यता र पवित्रशास्त्र अस्तित्वमा रहिरहन्थे, शैतान चुप लागेर बस्न सक्दैनथ्यो। त्यसैले, परमेश्वरको राज्यसम्बन्धी यी तत्त्वहरूलाई संसारबाट हटाउनु उसको लागि अत्यावश्यक थियो।

यस उद्देश्यलाई पूरा गर्न शैतानले अरबमा एउटा नयाँ धर्मको उदय गराएर आफ्नो लक्ष्य हासिल गर्ने प्रयास गऱ्यो। मोहम्मदले ईसं ६१० मा इस्लामका संस्थापकका रूपमा आफ्नो कार्य प्रारम्भ गरे। ईसं ६३२ मा उनको मृत्यु हुँदासम्म उनले अरबको सम्पूर्ण भागलाई आफ्नो धर्ममा परिवर्तन गराइसकेका थिए। त्यसपछिका करिब एक सय वर्षभित्र उनका अनुयायीहरूले प्यालेस्टाइन र सिरियामाथि विजय प्राप्त गरे। साथै, कन्स्टान्टिनोपल [इस्तानबुल] बाहेक सम्पूर्ण पूर्वी रोमी साम्राज्य, भारततर्फका सबै भूभाग, मिश्र, सम्पूर्ण उत्तर अफ्रिका र स्पेनको अधिकांश भाग पनि उनीहरूको अधीनमा आए। कब्जा गरिएका यी धेरै भूभागहरूमा सत्यत्यागी अवस्थाका कारण मण्डलीहरू क्रमश: कमजोर हुँदै गए र अन्तत: लोप भए।

इस्लामका सेनाहरूले सम्पूर्ण युरोपमाथि विजय प्राप्त गरी त्यसलाई मुस्लिम महादेशमा परिणत गर्ने खतरा उत्पन्न भयो। परमेश्वरले यस खतरालाई रोक्न हस्तक्षेप गर्नुभयो। फलस्वरूप, ईसं ७३२ मा चार्ल्स मार्टेलको नेतृत्वमा फ्र्याङ्कहरू तथा अन्य युरोपेली जातिहरूले टुर्सको युद्ध (Battle of Tours) मा मुस्लिम सेनालाई पराजित गरे। यसरी मण्डली, पवित्रशास्त्र, र ख्रीष्टको ईश्वरत्वजस्ता सत्यताहरू पूर्ण रूपमा लोप हुनबाट जोगिए।

मण्डलीको सत्यत्यागप्रति परमेश्वरको हस्तक्षेप

संगठीत मण्डली सत्यत्यागमा पर्न थालेदेखि प्रोटेस्टेन्ट सुधार आन्दोलनसम्म आइपुग्दा परमेश्वरले सत्यत्यागी मण्डलीको विरोध गर्ने मानिसहरूको एउटा सानो बाँकी समूहलाई सुरक्षित राख्नुभयो। युरोपभरि ठाउँ-ठाउँमा रोमी मण्डली र त्यसका पोपको अधिकारलाई अस्वीकार गर्ने तथा त्यसका मूर्तिपूजक विश्वास र अभ्यासहरूलाई इन्कार गर्ने समूहहरू थिए। तिनीहरूले साँचो सुसमाचारलाई दृढतापूर्वक समाते, पवित्रशास्त्रलाई विश्वासको एकमात्र अधिकार माने, सर्वसाधारणलाई बाइबल अध्ययन गर्न प्रोत्साहन दिए, प्रभुको भोजलाई बलिदानको पुनरावृत्ति नभई स्मरणको रूपमा पालन गरे, र पुजारीहरूको सट्टा पास्टरहरू राखे। यीमध्ये धेरै समूहहरूले भविष्यमा स्थापना हुने ईश्वरशासित राज्यमा विश्वास गर्थे।

यीमध्ये केही, जस्तै वाल्डेन्सियनहरू, शैतानको राज्यमा रहेका मानिसहरूसमक्ष सुसमाचार प्रचार गर्न प्रचारकहरू पठाउँथे। शैतानले यस्तो बाइबलीय विश्वास र साक्षीलाई सहन सकेन। त्यसैले, उसले संगठित मण्डलीलाई यी समूहहरूमाथि कठोर सतावट गर्न उक्सायो। तिनीहरूको विरुद्ध विशेष धर्मयुद्धहरू (Crusades) सञ्चालन गरिए, र इन्क्विजिसन (Inquisition) पनि तिनीहरूविरुद्ध प्रयोग गरियो। केही समूहहरू पूर्ण रूपमा नष्ट पारिए। धेरै मानिसहरूलाई यातना दिइयो, मृत्युदण्ड दिइयो, वा भगुवाझैं आफ्ना घर र देश छोडेर भाग्न बाध्य बनाइयो।

मध्ययुगको अन्त्यतिर परमेश्वरले संगठित मण्डलीभित्रै सुधारको आह्वान गर्न थालेका केही व्यक्तिहरूलाई उठाउनुभयो। तिनीहरूमध्ये सबैभन्दा प्रमुख थिए—इङ्ग्ल्यान्डका जोन विक्लिफ (ईसं १३२४–१३८४), बोहेमियाका जोन हस (ईसं १३६६–१४१५), र फ्लोरेन्सका जिरोम साभोनारोला (ईसं १४५२–१४६८)। विक्लिफले रोमी मण्डली र पोपको अधिकार, मठीय जीवन, र प्रभुभोज बलि हो भन्ने शिक्षा, पूजाहारी व्यवस्थामा भएको भ्रष्टाचारको विरोध गरे। उनले मण्डलीलाई नयाँ नियमका मापदण्डअनुसार सुधार गर्न आग्रह गरे। उनले अङ्ग्रेजी भाषामा पहिलो बाइबल प्रकाशित गराए र "लोलार्डहरू" कहलिएका



जोन विक्लिफ लोलार्डहरूलाई प्रचार गर्न पठाउँदै

सर्वसाधारण प्रचारकहरूलाई पठाए। अन्ततः तिनीहरूमाथि सतावट गरियो र उनीहरूलाई पूर्ण रूपमा नष्ट पारियो।

जोन विक्लिफ (John Wycliffe) का लेखहरू पढेपछि जोन हस (John Huss) ले पनि बोहेमियामा त्यही सुसमाचारसम्बन्धी सत्यताहरू प्रचार गर्न थाले। उनका विचारहरूले रोमी मण्डलीमा यति ठूलो हलचल मच्चाए कि पोपले उनलाई बहिष्कार गऱ्यो र कन्स्टान्सको मण्डलीय परिषद् (Council of Constance) समक्ष